

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार ९ गते बिहीबार ❑ 23 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखराको नीति तथा कार्यक्रममा सौन्दर्यीकरणदेखि पूर्वाधार विकास

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ असार**

पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा पोखराको सौन्दर्यीकरणदेखि पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको छ । महानगरपालिकाको ११औं नगरसभामा प्रमुख धनराज आचार्यले आगामी आर्थिक वर्षमा पोखराको समग्र विकासका लागि लगानी सम्मेलनदेखि पूर्वाधार विकासका विभिन्न योजना अघि सारिएको बताउनुभयो ।

पोखराको विकासका लागि सामूहिक प्रयास आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो । आर्थिक तथा मानवीय विकासका परिसूचकसमेत विषम रहेको बताउँदै उहाँले आगामी दिनमा यिनै सूचकलाई उच्च बिन्दुमा पुर्‍याउन केन्द्रित गरी स्रोत र साधनको बाँडफाँट गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सुशासन र विकास प्रक्रियामा स्थानीय सरकारप्रति नागरिकले विश्वास गर्ने आधारशीला तयार गर्नुपर्ने बताउँदै प्रमुख आचार्यले जनमुखी सेवा प्रदान गर्ने र विकासलाई द्रुतरुपमा अगाडि बढाउन आगामी पाँच वर्ष लागिपर्ने विश्वास व्यक्त गर्नुभयो । पर्यटन, भौतिक पूर्वाधार, सहरी विकास, कृषि, शिक्षा, स्वास्थ्य रोजगार प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको नीति तथा कार्यक्रममा झण्डै ४० वर्षअघि जग्गा छुट्याएर पनि बन्न नसकेको बसपार्क बनाउने उल्लेख गरिएको छ । 'कृषि उत्पादनमा वृद्धिः महानगरको समृद्धि' अवधारणाअनुसार कृषिक्षेत्रको आधुनिकीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गरिने प्रमुख आचार्यले बताउनुभयो ।

समग्र पोखराको आयात परिमाणको अध्ययन गरी पाँच वर्षभित्र कम्तीमा दूध, फलफूल, तरकारी, माछामासुको आयात प्रतिस्थापनमा जोड दिइने उहाँले




बताउनुभयो । 'पशु उत्पादनमा वृद्धि ः आर्थिक उपार्जनसहितको समृद्धि' हासिल गर्न पशुपक्षीपालन व्यवसाय प्रवर्द्धन र सम्वर्द्धनका लागि पशु नश्ल सुधार, आहार व्यवस्थापन, उत्पादनका आधारमा अनुदान, पशु स्वास्थ्य र पशु हाटबजार सञ्चालन गरिने नीति तथा कार्यक्रममा भनिएको छ । महानगरमा रोजगारका लागि सहजीकरण,समन्वय,सञ्जालीकरण, नवप्रवर्तन र अनलाइन रोजगार बजार, स्वरोजगार, उद्यमशीलता बढाउन मानव संशाधन विकास केन्द्रका रुपमा रोजगार बैंक स्थापना गरिने प्रमुख आचार्यले बताउनुभयो ।

"हरेक आर्थिक वर्षको पहिलो छ महिनामा तीन हजार रोजगारी थप गर्ने योजनाका साथ प्लस टु तहको अध्ययन सकेका यस क्षेत्रका युवालाई भाषा होटल म्यानेजमेन्ट मोबाइल मर्मत कृषि स्रोत व्यक्ति, जडीबुटी सङ्कलन, ब्युटिसियन, प्लम्बिङ, इलेक्ट्रिसियन, भेटेनरी, इम्ब्रोइडरी, ह्यान्डलुम, ग्राफिक्स डिजायन, वेभपेज डिजाइन, भिडियो एडिटिङ, वेटरजस्ता सीपसँगै रोजगारी र उद्यमशीलता विकास गर्न सक्षम पोखरा परियोजना सञ्चालन गरिनेछ", उहाँले भन्नुभयो । महानगरले सहकारी संस्थालाई व्यावसायिक कृषि पर्यटन उत्पादन क्षेत्रमा आफ्नो पुँजी तथा लगानी परिचालन गर्न सहजीकरण गर्ने र महानगर, सहकारी र समुदायको सहकार्यमा स्थानीय कच्चापदार्थमा आधारित उद्योग व्यवसायमा लगानी विस्तार गर्ने नीति लिएको छ । 'स्थानीय औद्योगिक उत्पादनमा वृद्धिः रोजगारी सिर्जना र समृद्धि' लाई साकार गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई विकास, विस्तार र आधुनिकीकरण गरिने महानगर प्रमुख आचार्यले बताउनुभयो । 'पर्यटकीय गतिविधिमा वृद्धि, पोखरा सहरको समृद्धि' भन्ने अवधारणालाई साकार पार्न पोखराका पर्यटन पूर्वाधार, प्राकृतिक सम्पदाको संरक्षण, मुख्य सहर र तालतलैयाको सौन्दर्यकरण, सरसफाइ, सहरी सुरक्षा र आतिथ्यताजस्ता क्षेत्रमा नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा लगानी केन्द्रित गर्ने महानगरपालिकाको नीति छ । पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्न नेपाल सरकारसमक्ष अनुरोध गरी पठाइ सकिएको बताउँदै उहाँले पर्यटकको बसाईंलाई अरु लामो बनाउने उद्देश्यले पोखराको विभिन्न पर्यटकीय गतिविधिको विकासद्वारा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्ने नीति लिइने बताउनुभयो । होमस्टेलाई मौलिक नामकरण गरी स्थानीय उत्पादनः स्थानीय आतिथ्यताका रुपमा विकसित गरिने आचार्यले बताउनुभयो । माइस टुरिजम (मिटिङ, इनिसियटिभ, कन्फ्रेन्स र एक्जिव्युसन) लाई प्रवर्द्धन गर्दै समग्र पोखराको पर्यटन विकासमा विशेष अभियान चलाइने महानगरको नीति छ । बैदाम (लेकसाइड) का अलावा बेगनास ताल तथा अन्य पर्यटकीय गन्तव्यको सौन्दर्यीकरण तथा प्रचारप्रसारमा जोड दिइने बताउँदै उहाँले भन्नुभयो, "पर्यटनका थप गन्तव्य जस्तै केभ टु केभ, लेक टु लेक, कोटदेखि कोटसम्म नयाँ सर्किट सडकको सम्भाव्यता अध्ययन गरिनेछ । पोखरालाई धार्मिक पर्यटनका क्षेत्रमा समेत विश्वमा परिचित गराउन लुम्बिनी पोखरा बुद्ध सर्किट निर्माण गर्न आवश्यक पहल गरिनेछ ।" महानगरसहित कास्की जिल्ला नै पूर्ण साक्षर जिल्ला घोषणा गरिसकिएका सन्दर्भमा महानगरभित्र शिक्षाको अधिकारबाट बालबालिका तथा लक्षित वर्गका गरिब महिला, दलित, अल्पसङ्ख्यक कोही पनि बञ्चित हुन नपरोस् भन्ने हेतुले गुणस्तरीय र निःशुल्क सार्वजनिक शिक्षाको व्यवस्थापन गरिने महानगर प्रमुख आचार्यले बताउनुभयो ।

सामुदायिक विद्यालयको विद्यालय प्रशासनलाई चुस्त एवं नतीजामुखी बनाई सञ्चालन गर्न सामयिकरुपमा प्रतिस्पर्धी र योग्य प्रधानाध्यापक नियुक्ति प्रक्रिया अगाडि बढाइने उहाँले बताउनुभयो । 'स्वास्थ्य र सार्थक जीवनशैलीका लागि खुला व्यायामशाला' अवधारणाअन्तर्गत चालु वर्षमा केही स्थानमा खुला व्यायामशाला निर्माण भएको बत ाउँदै उहाँले आगामी वर्ष स्वास्थ्यका लागि व्यायाम कार्यक्रमअन्तर्गत 'एक टोल एक खुला क्षेत्र एक व्यायामशाला' निर्माण कार्यक्रम क्रमशः कार्यान्वयन गरिने बताउनुभयो । आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाइने बताउँदै उहाँले महानगरका ३३ वटै वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने नीति लिइने उल्लेख गर्नुभयो ।


बाँकी अन्तिम पृष्ठमा ▶▶


## नागरिकता विधेयकलाई अगाडि बढाउने सहमति

**रासस**
**काठमाडौं, ८ असार**

सत्तारूढ दलको बैठकमा नागरिकता विधेयकलाई अगाडि बढाउने सहमति भएको छ ।प्रधानमन्त्री निवास बालुवाटारमा भएको सत्तारूढ दलको बैठकले नागरिकता विधेयक अगाडि बढाउने निर्णय गरेको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो ।

उहाँका अनुसार बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले नागरिकता विधेयक अगाडि बढाउने प्रस्ताव गर्नुभएको थियो । "अहिले हाम्रो समाजमा बुवा नागरिक, आमा नागरिक रहेका छन् । तर उनका सन्तान नागरिकविहीन हुनुपर्ने अवस्था रहेको छ", सरकारका प्रवक्ता कार्कीले भन्नुभयो, "यसलाई अन्त्य गर्नका लागि नागरिकता विधेयक अगाडि बढाउने निर्णय भएको छ ।" उहाँले प्रक्रिया पूरा गरेर चाँडै नै नागरिकता विधेयक संसद्मा पेश हुनेसमेत जानकारी गराउनुभयो । यस्तै सञ्चार तथा सूचना प्रविधिमन्त्री कार्कीले शान्ति प्रक्रियालाई चाँडै नै निष्कर्षमा पुर्‍याउनका लागि छलफल केन्द्रित भएको बताउनुभयो।बैठकमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द कोइरालाले अहिलेसम्म भएको प्रगति विवरणबारेमा जानकारी गराउनुभएको थियो । सरकारका प्रवक्ता कार्कीले बैठकमा अहिले विकसित राजनीतिक घटनाक्रमका बारेमा विश्लेषण भएको भन्दै महँगीनियन्त्रणगर्नेबारेपनिछलफल भएको बताउनुभयो । मन्त्रिपरिषद् पुनर्गठनको कुरा नउठेको उहाँले बताउनुभयो । बैठकमा प्रधानमन्त्री देउवासहित नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाललगायतको उपस्थिति थियो ।

## पोखरामा आर्थिक क्रियाकलाप बढाउन जरुरी : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखरा र गण्डकी प्रदेश हरेक सूचकांकमा अगाडि रहे पनि आर्थिक गतिविधिका हिसावमा पछि रहेको भन्दै ३ तहका सरकारको समन्वयमा यस्ता गतिविधि बढाउनुपर्ने बताएका छन् ।

पोखरा महानगरपालिकको ११ औं सभा उद्घाटनपछि बुधबार मुख्यमन्त्री पोखरेलले भने, 'यसमा हाम्रा नीति नियम कमजोर हुन् या कहाँनेर कमजोरी छ त्यो पत्ता लगाएर आर्थिक गतिविधि बढाउनुपर्ने छ । पोखरा त अब प्रदेशको मात्र होइन मुलुककै आर्थिक केन्द्र बन्नुपर्छ । पर्यटनमार्फत् त्यो सम्भावना पनि छ ।' पोखराले बर्सेनि १२ देख १५ लाख व्यक्तिलाई कुनै न कुनै हिसावले सेवा दिनुपर्ने अवस्था रहेको औंल्याउँदै मुख्यमन्त्री पोखरेलले अबको ग्रेटर पोखराले समग्र प्रदेशलाई समेट्नुपर्ने बताए । उनले भने, 'पोखरा भनेको यो कास्कीभित्रको सहरी क्षेत्रमात्र होइन पूर्वमा मादी र आँधिको बीच भन्दा पनि पनि पर मुगलिन र पश्चिममा राम्दीसम्मको भूभागको विकासका लागि पोखराले चासो देखाउनुपर्छ ।'

व्यवस्थित सहर विस्तारका लागि प्रदेशले पनि गृहकार्य गरिरहेको भन्दै उनले सबै खालका गतिविधिलाई पोखराभित्र मात्र समेट्न सम्भव नरहेको बताए । पोखराले ५ वर्षमा पर्यटक दोब्बर बढाउने, उनीहरुको बसाई अवधि र खर्च पनि दोब्बर बनाउने गरी योजना ल्याउनुपर्ने भन्दै उनले यसका लागि प्रदेश सरकारले के सहयोग गर्नुपर्छ तयार रहेको जनाए ।

उनले निर्माणको अन्तिम चरणमा पुगेको पोखरा क्षेत्रीय अन्तर र्राष्ट्रिय विमानस्थल सञ्चालनमा कत्ति पनि ढिलाइ गर्न नहुने भनाइ राखे । उनले भने, 'यसको उपयोगका बारेमा चर्चा सुरु भइसकेको छ । ल्यान्डफिल साइटको विकल्पको खोजी र विमानस्थलसम्मको बाटो विस्तार प्राथमिकतामा हुनु जरुरी छ । पोखरा क्षेत्रीय अन्तर र्राष्ट्रिय विमानस्थल सहजीकरण समिति प्रदेश सरकारले गठन गरेको छ । यसले सरोकारवालासँग नियमित रुपमा छलफल गर्दै आएको छ । अरु सकिए पनि महानगरको ढिलाइले विमानस्थल सञ्चालनमा ढिलाइ नहोस् भन्ने प्रदेश सरकारको चाहाना छ, ल्यान्डफिल साइट छिटो बनोस् ।' पोखराबाट उडान भर्नका लागि जजिरा लगायतका विमान सञ्चालन कम्पनी तयार भइसकेको भन्दै उनले नेपालमा उडान गर्ने हवाई कम्पनीका प्रतिनिधिहरुलाई पोखरामै बोलाएर वृहत भेला गर्ने र यहाँको पर्यटकीय महत्वका बारेमा जानकारी गराउने उल्लेख गरे । उनले भने, 'यो एअरपोर्टको खर्च धान्न र गण्डकीको पर्यटनलाई अझै उचाइमा पुर्‍याउन भारतका मुख्य सहरहरुमा नियमित रुपमा सिधा उडान जरुरी छ । यसका


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पछिल्लो ६ महिनामा कास्कीमा ५३ ओटा मानवअधिकार उल्लंघनका घटना

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ असार**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले पछिल्लो ६ महिनाको अवधीमा कास्की जिल्लामा ५३ वटा मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरु घटेको तथ्यांक सार्वजनिक गरेको छ।

नेपाल मानवअधिकार वर्ष पुस्तक २०२३ का लागी सन् २०२२ जनवरीदेखी जुनसम्म घटेका घटनाहरुको सार्वजनिक तथा समिक्षा कार्यक्रममा कास्कीमासन् २०२२ जनवरीदेखि जुनसम्म ५३ वटा मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटना अभिलेख भएको जनाएको छ । ६ ओटा बाल अधिकार अन्तर्गत बलात्कार, बलत्कार प्रयास, यौन दुर्व्यवहार, २ ओटा महिला अधिकार अन्तर्गत बलात्कार र यौन दुर्व्यवहार, घरेलु हिंसाका ३५, गिरफ्तारीका चार, सम्पत्ती




क्षतीका दुई हत्याका ४ वटा घटना सङ्कलन गरिएको कास्की प्रतिनिधि सुशन घिमिरेले जानकारी दिनुभयो । कार्यक्रममा बोल्दै कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद रिजालले ग्रामीण क्षेत्रमा मानवअधिकार उल्लंघनका घटनामा वृद्धि भएको बताउँदै ग्रामीण क्षेत्रमा सचेतना फैलाउनुपर्ने बताउनुभयो । उहाँले राज्य र नागरिक दुवैपक्षले मानवअधिकारको पालना गर्नुपर्नेमा जोड दिुनभयो ।

राष्ट्रिय मानवअधिकार आयोगका अधिकृत मोहन काफ्लेले आयोगमा समेत महिला हिंसा सम्बन्धि घटनामा बढी उजुरी पर्ने गरेको बताउनुभयो ।

इन्सेक गण्डकी संयोजक शिव खकुरेलले संयुक्त राष्ट्रसंघले पारित गरेको ७ वटा ठूला महासन्धिमा केन्द्रित रहेर आफूहरुले मानवअधिकारको बारेमा अनुगमन गर्दै आइरहेको बताउनुभयो । उहाँले यौनिक तथा लैंगिक अल्पसंख्यक तथा अपांगता भएका व्यक्तिहरुले अधिकारका विषयमा विभिन्न फोरमहरुमा आवाज उठाउँदै आएपनि न्यायिक प्रक्रियामा जान नसकिरहेको भन्दै पिडा पोख्ने मात्रै नभई न्यायिक प्रक्रियामा समेत अगाडी बढ्नुपर्ने भनाई राख्नुभयो । गैरसरकारी संस्था महासंघ गण्डकी कार्यवहाक अध्यक्ष पदमराज पहारीले नागरिकहरु संविधानले प्रदान गरेका अधिकारबाट वञ्चित भएको बताउनु भयो । महिला मानवअधिकार रक्षक संजाल अध्यक्ष इन्द्र कुमारी शर्माले वालिका पीडित हुने घटनामा वृद्धि भईरहेको भन्दै चिन्ता व्यक्त गर्नुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेन्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रदेशस्तरीय ब्याटमिन्टन प्रतियोगिता शुक्रबारदेखि

पोखरापत्र संवाददाता
पोखरा, ८ असार

कास्की जिल्ला ब्याडमिन्टन संघले गण्डकी प्रदेशस्तरीय ब्याटमिन्टन प्रतियोगिताको आयोजना गर्ने भएको छ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै संघले प्रतियोगिताको आयोजना गर्न लागेको हो । चार विधामा प्रतियोगिता संचालन गर्न लागिएको छ । प्रदेशमा रहेका नयाँ खेलाडीको पहिचान गर्ने, खेलाडीको क्षमता अभिवृद्धि गर्ने र पोखरालाई खेल पर्यटन सहरको रुपमा विकास गर्ने तथ लक्ष्य रहेको प्रतियोगिता संयोजक अमृत पोखेलले जानकारी दिए।




प्रतियोगितामा पुरुष एकल, पुरुष डबल, महिला एकल र डबल गरी ४ विधामा स्पर्धा हुनेछ । प्रतियोगिताको पुरुष एकलतर्फ प्रथम हुनेले २० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र तथा दोस्रो र तेस्रोले समान १०/१० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । पुरुष डबलतर्फ प्रथम हुनेले ४० हजार रुपैयाँ, दोस्रोले २५ हजार र तेस्रोले २० हजार रुपैयाँसहित उनीहरुले शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै महिला एकलतर्फ प्रथम हुनेले १५ हजार रुपैयाँ, दोसो र तेस्रोले समान १०/१० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । महिला डबल्सको प्रथम हुनेले ३० हजार रुपैयाँ, दोस्रोले २० हजार रुपैयाँ तथा तेस्रो हुनेले १० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता गर्न करिब ४ लाख ४५ हजार खर्च लाग्ने अनुमान गरिएको छ । ब्याडमिन्टसंघले राखेपको सहकार्यमा आफ्नै लगानीसमेतमा अहिले पोखरा रंगशालमा अन्तर्राष्ट्रिय स्तरको कर्भड हलको निमार्णसमेत गरेको छ। पोखरामा रहेको कर्भड हल नेपालकै उदाहरणीय रहेको उनले बताए । प्रतियोगिताले खेलाडीहरुलाई शारीरिक र मानशिक रुपमा चुस्त राख्न र खेलाडीहरुको अनुशासन कायम गर्नु पनि प्रतियोगिताको उद्धेश्य रहेको उनले सुनाए। प्रतियोगिता १० र ११ गते पोखरा रंगशाला स्थित ब्याटमिण्टन हलमा हुनेछ।

# खुमलटारलाई हराउँदै हेमजा युनाइटेड फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, ८ असार

पोखरामा जारी छैटौं संस्करणको शुभकामना गोल्डकपमा खुमलटार युथ क्लबलाई हराउँदै आयोजक हेम्जा युनाइटेड फाइनलमा प्रवेश गरेको छ।

हेम्जाको गौरी शंकर खेलमैदानमा बुधबार भएको पहिलो सेमिफाइनल खेलमा खुमलटारमाथि २-० गोलको अग्रता बनाउँदै आयोजकले फाइनलको यात्रा तय गरेको हो । हेम्जाको जितमा दुवै गोल कमल थापा मगरले गरे। अत्यन्तै प्रतिस्पर्धात्मक खेलको पहिलो हाफ गोल रहित बराबरीमा रोकिएपनि दोस्रो हाफमा भने हेम्जाले २ गोल गर्न सफल भएको हो। खेलको दशौं मिनेटमा हेम्जाका सुनिल विकले अग्रता गर्ने सुवर्ण अवसर खेर फाले। पेनाल्टी क्षेत्रमा खाली रहेका उनलाई सन्जोक केसीले उत्कृष्ट पास दिएपनि उनले भेट्न सकेनन् । १२ औं मिनेटमा खुमलटारका दिवस छन्त्यालले २ डिफेन्डरको बिचबाट गरेको शसक्त प्रहारलाई हेम्जाका गोलरक्षक एन्जल श्रेष्ठले उत्कृष्ट बचाउ गरे । उक्त बलमा पाएको कर्नरमा कप्तान आसिष श्रेष्ठको हेडर क्रसबार नजिकैबाट बाहिरिदा अग्रता लिने अर्को अवसर गुमेको हो । पहिलो हाफमा बराबरीमा रोकिएपनि दोस्रो हाफको ८ औं अर्थात खेलको ५३ औं मिनेटमा हेम्जाका कमलले अग्रता दिलाए । उनले बायाँ एरियाबाट गरेको उत्कृष्ट प्रहार गोलमा परिणत भएको थियो । उनले खेलको ६७ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै आयोजकलाई फाइनलको यात्रा पक्का गराए । दोस्रो हाफमा भने खुमलटारको प्रदर्सन निकै खस्किएको थियो । दोस्रो हाफमा खुमलटारले खासै प्रहार गर्न सकेन । हम्जाका प्रशिक्षक शौरभजंग कार्कीले आफुहरु योजना अनुरुप खेल्दा जित हासिल गर्न सफल भएको प्रतिक्रिया दिए। उनले खुमलटारको कम्जोरीको फाइदा उठाउँदा जित हासिल गर्न सफल भएको बताए । उता खुमलटारका म्यानेजर अञ्जन रानाले आफुहरुले रक्षात्मक तरिकाको खेल खेल खेल्दा स्ट्राइक लाइनमा निकै समयस्या आएको सुनाए । उनले स्ट्राइक लाइनमा कम्जोरी हुदाँ गोल गर्न नसकेको प्रतिक्रिया दिए । प्रतियोगिता अन्तरगत बिहिबार अफ्रिकी क्लब एभिनियर र चर्च ब्वाइज विच फाइनल प्रवेशका लागि अन्तिम खेल हुदैंछ। असार ४ गतेदेखी संचालन भएको प्रतियोगितामा कुल ८ टिमको सहभागिता रहेको थियो।

प्रतियोगितामा विभागिय क्लब एपिएफ, चर्च ब्वाइज, विदेशी अफ्रिकनी टिम क्यामरुन, कमलटार, कालिका स्पोर्ट्स चितवन, बागमती युवा क्लब सर्लाही, विरगंज युनाइटेड र आयोजक हेम्जा युनाइटेड को सहभागिता रहेको छ । हेम्जा एकेडेमी संचालनार्थ प्रतियोगिताको आयोजना गरिएको क्लबका अध्यक्ष इन्द्र कुवरँले जानकारी दिए।

# पोखराको...

महानगरभित्र लैङ्गिक समानता, समाजिक समावेशीकरण र समतामूलक समाज निर्माणका लागि योजना बनाई कार्यारम्भ गरिने नीति तथा कार्यक्रममा भनिएको छ। महानगरपालिकाभित्रका प्राकृतिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदाको अभिलेखीकरण गरी क्रमशः संरक्षण, सम्वर्द्धन र सौन्दर्यकरण गर्दै लगिने बताउँदै आचार्यले अर्घौं अर्चलेमा कवि शिरोमणि लेखनाथ पौडेलको जन्मस्थललाई साहित्य अनुसन्धान केन्द्रका रुपमा विकास गरिने बताउनुभयो।जनकविकेशरीधर्मराज थापा, लोक गायकद्वय झलकमान गन्धर्व र अलिमियालगायतका स्रष्टाको सम्मानमा आवश्यक नीति बनाई कार्यान्वयन गरिने उहाँले बताउनुभयो । पोखरालाई कला, संस्कृति र ऐतिहासिक सम्पदाको सहरका रूपमा विकास गर्दै पर्यटन प्रवर्द्धन गर्न सिद्धार्थ चोक, रामकृष्ण टोल, गणेश टोल, भैरव टोल हुँदै विन्ध्यवासिनीसम्मको क्षेत्रलाई पोखरा सम्पदास्थल पुरानो बजारका रुपमा प्रवर्द्धन गरिने उहाँले बताउनुभयो । महानगरका मुख्य सडकमा नेपाल सरकार र प्रदेश सरकारसँगको सहकार्यमा युटिलिटी करिडोर निर्माण गर्न अध्ययन गरिने उल्लेख गर्दै नीति तथा कार्यक्रममा पोखरामा निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलदेखि फेवातालसम्मको द्रुतमार्गका लागि आवश्यक सहजीकरण गरिने भनिएको छ । मध्यपहाडी लोकमार्ग तथा सिद्धार्थ राजमार्ग जोड्न बाइपास रोड तथा पृथ्वीराजमार्गको वैकल्पिक मार्गकारुपमा विरौटा-कोत्रे सडकलाई प्राथमिकता दिइ तयारी कार्यसम्पन्न गरिने आचार्यले बताउनुभयो।

नक्सापास कार्य व्यवस्थित र प्रविधिमैत्री बनाउँदै आवेदन, स्वीकृति एवं इजाजत दिने प्रक्रिया अनलाइन र डिजिटल प्रणालीमार्फत फेसलेस सेवा प्रदान गर्ने नीति लिइने उहाँले बताउनुभयो । ग्रेटर पोखराको अवधारणापत्र तयार पारी सार्वजनिक गरिने उहाँले बताउनुभयो । फेवाताल नयाँ विमानस्थल बेगनासताल ‘फास्ट ट्र्याक’ निर्माणको सम्भाव्यता अध्ययन गरिने उहाँले बताउनुभयो । उहाँका अनुसार लामेआहालको बसपार्कलाई पोखरा बसपार्क र पृथ्वीचोकस्थित बसपार्कलाई सिटी बसपार्कको अवधारणापश्चात् पोखरा-२ मा अवस्थित बाग्लुङ बसपार्कलाई विन्ध्यवासिनी बसपार्कको नामकरण गरी व्यवस्थितरुपमा स्तरोन्नति गरिनेछ । महानगरको सौन्दर्यकरण र हरियाली प्रवर्द्धनका लागि एकघर एक बिरुवा एवं सडक र नदी किनारामा जलवायु अनुकूलनयुक्त वृक्षरोपण गर्ने नीति लिइने र सम्पूर्ण विद्यालय परिसरमा फलफूलका बिरुवा लगाउनुपर्ने नीति लिइने उहाँले बताउनुभयो । सेती करिडोरको संरक्षण तथा उपयोग गर्दै हरियाली प्रवर्द्धन गरिने बताउँदै उहाँले सीमसार र जलाधार क्षेत्रको संरक्षण गर्दै विशेष उपयोग गर्ने नीति लिइने बताउनुभयो। नगरका सहरी क्षेत्रका प्रमुख चोकमा खुला स्थानको व्यवस्थापन गरिने र प्रत्येक वडामा कम्तीमा एक/एक वटा शुद्ध खानेपानीसहितको सार्वजनिक शौचालय निर्माण गरिने आचार्यले बताउनुभयो । हालको ल्याण्डफिल्ड साइट पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुने अवधिअगावै अन्यत्र सार्ने निर्णय भइसकेको बताउँदै उहाँले फोहरलाई स्रोतमा नै वर्गीकरण गरी उद्यमशीलता, ऊर्जा र हरित व्यवसायसँग जोड्ने र सेनेटरी ल्याण्डफिल्ड साइट निर्माणलाई अघि बढाइने उहाँले बताउनुभयो । पोखरा सहरको विकासको गतिसँगै छिमेकी पालिकाको विकाससँगै लैजानु आजको आवश्यकता रहेको बताउँदै उहाँले यसका लागि क्षेत्रगत नीति निर्माण गर्दा आपसी सहयोग, परामर्श, साझेदारी र समन्वय गर्दै नीति निर्माणमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था मिलाइने उल्लेख गर्नुभयो।महानगरकोकार्यसम्पादनको गुणस्तरका सम्बन्धमा सुझाव तथा जनगुनासो सुन्न र समाधान गर्नका लागि हेलो मेयर कार्यक्रम एक महिनाभित्र सुरु गरिने उहाँले बताउनुभयो । आगामी वर्षदेखि महानगरबाट प्रदान हुने सार्वजनिक सेवा ३६५ दिन नै प्रवाह हुनेगरी व्यवस्थापन गरिने प्रमुख आचार्यले बताउनुभयो । महानगरको राजस्व प्रशासनको सुधारमार्फत सुदृढ र सक्षम बनाई राजस्वमा वृद्धि गर्ने नीति अङ्गीकार गरिने र आन्तरिक स्रोतको परिचालनलाई सबल बनाइने नीति तथा कार्यक्रममा भनिएको छ । भगिनी सम्बन्ध भएका सहरसँगको सम्बन्ध सुदृढ र प्रगाढ बनाउँदै प्रभावकारी समन्वय गरी साझेदारी गरिने उहाँले बताउनुभयो । श्रमजीवी पत्रकारको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइने बताउँदै उहाँले पत्रकार बीमा कार्यक्रममा पत्रकार महासङ्घसँग सहकार्य गरिने आचार्यले बताउनुभयो।

# पोखरामा...

लागि हामीले नेपाल सरकारलाई झकझकाइरहेकै छ।'

५ वर्षमा स्थानीय तहको बलियो आधार तयार भएको भन्दै मुख्यमन्त्री पोखरेलले संघीयता सुदृढीकरणका लागि प्रदेश सरकार र स्थानीय तहबीच समन्वय जरुरी रहेको बताए। यसका लागि प्रदेशले गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको ऐन ल्याएको जानकारी उनले गराए।

पोखरा प्रदेशको राजधानी मात्र होइन पर्यटकीय केन्द्र भएकाले यसको औपचारिक घोषणाका लागि गण्डकी प्रदेश सरकार र पोखरा महानगरले निर्णय गरेर नेपाल सरकारलाई पठाइसकेको मुख्यमन्त्री पोखरेलले उल्लेख गरे। पोखरा सहरलाई कस्तो बनाउने भनेर प्लानिङ गर्ने हामीहरुले भन्दै मुख्यमन्त्री पोखरेलले भने, ‘ पोखरा आफैमा सुन्दर छ । यसको सुन्दरता बचाइराख्न र पर्यटक आकर्षणका लागि थप पूर्वाधार निर्माण गर्नुपर्ने छ । चौडा सडक, फराकिलो फुटपाथ, हरियालीका साथमा रात्रिकालीन बत्तीहरु झिलीमिली हुन्, जसका कारण स्वदेश र विदेशी पर्यटकलाई थप आकर्षित बनाउन सकिन्छ।

उक्त अवसरमा पोखरा महानगरका मेयर धनराज आचार्यले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गरे । उपमेयर मञ्जुकुमारी गुरुङले स्वागत गरेको कार्यक्रममा नेपाली कांग्रेस दलका नेता दिवशमान प्रधानांग, एमाले दलका नेता राधिका शाही योगी, महानगरका प्रमुख प्रशासकीय अधिकृत बलराम रिज्याललले बोलेका थिए।

# निर्वाचनको खर्च विवरण बुझाउन आयोगको ताकेता

रासस
काठमाडौं, ८ असार

निर्वाचन आयोगले गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा आफ्नो प्रचारप्रसार खर्चको विवरण बुझाउन ताकेता गरेको छ।

निर्वाचन आयोग ऐन, २०७३ बमोजिम तोकिएको ढाँचामा निर्वाचनको परिणाम घोषणा भएको ३० दिनभित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा खर्च विवरण बुझाउनुपर्ने आयोगले पुनः स्मरण गराएको छ।

आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले बुधबार विज्ञप्ति जारी गरी खर्च विवरण बुझाउने र नबुझाउने उम्मेदवारको छुट्टाछुट्टै विवरण तयार गरेर सिफारिससहित कारबाहीका लागि आयोगमा पठाउन सबै निर्वाचन कार्यालयलाई निर्देशन दिइएको जानकारी गराउनुभएको छ । निर्वाचन आचारसंहिता, २०७८ मा उम्मेदवारको खर्चको सीमा निर्धारण गरिएको छ।


## चट्याङको समयमा सतर्क रहौं ।

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## महिला कर्मचारी आवश्यकता

अनलाइन सेल्सको लागि सोसल मिडिया मार्केटिङ्ग गर्ने महिला कर्मचारी चाहियो

सङ्ख्या : ५ जना
योग्यता : +२, SLC/SEE वा सो सरह बेसीक कम्प्युटर ज्ञान भएको
Instagram, Facebook, Tik Tok र Google मा मार्केटिङ्ग गर्ने

Walk in Interview with your Biodata
Call/Whatsapp : 9813541600

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।
– स्वटेमार्डन

## सम्पादकीय

# लुटतन्त्र अति भो

नेपाली जनतालाई सरकार भएको अनुभूति हुन छाडेको छाजनताको दैनिक जीवनसंग जोडिएको विषयमा सरकार कता छ भन्ने पत्तै हुँदैन । जनताले सरकार भएको थाहा पाउने भनेको पेट्रोलियम पदार्थको मूल्य वृद्धि र सवारी साधनको भाडा बढाउँदा देशमा सरकार पनि रहेछ भन्नेमा भान हुन्छ । जनताप्रति उत्तरदायी सरकार नभएको जनताले बारम्बार भोगेका छन।हरेक क्षेत्रमा भएको मूल्यवृद्धिको असर जनताको भान्सामा परेको छ । नेपाल राष्ट्र बैंकले पनि महंगी बढिरहेको तथ्यांक सार्वजनिक गरेको छ ।

पछिल्लो १० महिनाको तथ्यांकअनुसार चालू आर्थिक वर्षमा महंगी एकदमै उच्च रहेको छ । गत वैशाख महिनामा उपभोक्ता मुद्रास्फीति ७.८७ प्रतिशत रहेको छ । १ वर्षअघि यस्तो मुद्रास्फीति ३.६५ प्रतिशत थियो। काङ्ग्रेस नेतृत्वको गठबन्धन सरकार बनेपछि हरेक क्षेत्रमा महंगी बढेको छभन्ने ज्वलन्त उदाहरण राष्ट्र बैंकको तथ्यांक हो । वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.१३ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.४५ प्रतिशत छ। २०७९ वैशाख मसान्तसम्म वार्षिक विन्दुगत मासिक औसत मुद्रास्फीति ५.८४ प्रतिशत रहेको छ । २०७८ वैशाख महिनाको तुलनामा २०७९ वैशाख महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल २४.८६ प्रतिशतले मूल्यवृद्धि भएको छ। फलफूल १२.६१ प्रतिशत, दुध पदार्थ तथा अण्डा ११.३० प्रतिशत, दाल तथा गेडागुडी १०.५३ प्रतिशतले मूल्य वृद्धि भएको छ।

सेवा समूहअन्तर्गत यातायात २१.८१ प्रतिशत, शिक्षा ११.६४ प्रतिशत र मनोरञ्जन ८.२१ प्रतिशत रहेको छ। यो तथ्यांकले देश कता जादैछ भन्ने जानकारी दिएको छ। महंगी काठमाडौं उपत्यकामा ७.३९ प्रतिशत, तराईमा ८.१५ प्रतिशत, पहाडमा ७.८९ प्रतिशत र हिमालमा ८.२१ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७८ वैशाखमा काठमाडौं उपत्यकामा ३.६२ प्रतिशत, तराईमा ३.५१ प्रतिशत, पहाडमा ४.१४ प्रतिशत र हिमालमा १.३३ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

पेट्रोलियम पदार्थमा गरिएको चर्को मूल्यवृद्धिको कारण यातायातको भाउ बढेको छ । ढुवानीमा भएको मूल्यवृद्धिले गर्दा त्यसको सोभ्रो असर फलफूल र तरकारीमा परेको छ । तरकारीमा १ वर्षमा शतप्रतिशत बढीसम्मको मूल्यवृद्धि भएको छ । पेट्रोलियम पदार्थ, खाद्यान्नसँगै तरकारीको मूल्यमा भारी वृद्धि हुनपुगेको छ । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको थोक मूल्यमा अधिकांश फलफूल तथा तरकारीमा मूल्य बढेको छ । तरकारी तथा फलफूलको मूल्य किलोमै सय रुपैयाँसम्मले बढेको छ ।

एक वर्षअघि प्रतिकिलो ३ सय रुपैयाँ रहेको अनार अहिले ४ सय रुपैयाँ पुगेको छ । त्यस्तै वर्ष दिनअघि ९० रुपैयाँ प्रतिकिलो रहेको आँप अहिले २० रुपैयाँले बढेर १०० रुपैयाँ पुगेको छ । त्यसैगरी केरा पनि ५० रुपैयाँ महंगो भएर अहिले १५० रुपैयाँ पुगेको छा हरेक क्षेत्रमा भाउ बढ्दा सरकारले बजार अनुगमन गर्न पटक्कै चासो दिएको छैन । सरकारले जनतालाई कसरी राहत दिन सकिन्छ भनेर चासो दिन सकेको भए ढाड सेक्ने गरि मूल्यवृद्धि हुने थिएन ।बजार अनुगमन हुन्छ र बजारमा अराजकता हुदैन भन्ने बोध नभएर होइन लुट्न सके लुट गठबन्धनको सरकारले दिन्छ छुट भन्ने मान्यताले काम गरेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मन चञ्चल | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शारीरिक झमेला | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# भलिबल संघ तनहुँको अध्यक्षमा सुनार

पोखरापत्र संवाददाता
दमौली, ८ असार

भलिबल सङ्घ तनहुँको अध्यक्ष पदमा पदम सुनार चयन हुनुभएको छ । सङ्घको तेस्रो अधिवेशनबाट उहाँ पुनः सो पदमा चयन हुनुभएको हो ।

सङ्घको उपाध्यक्षमा रमेशकुमार श्रेष्ठ, लक्ष्मण गुरुङ, महासचिवमा अशोक गिरी, कोषाध्यक्षमा विमल राना र सदस्यमा चन्द्र कुँवर, राजु राई, तुलबहादुर थापा, तिलबहादुर थापा, किसान थापा, लक्ष्मी कुमाल, मदन थापा, शम्सेर लम्साल चयन हुनुभएको छ। प्रदेश प्रतिनिधिमा टुकबहादुर गुरुङ र गोपाल थापा चयन हुनुभएको छ। अधिवेशनमा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले भलिबलले तनहुँलाई देशभर चिनाउन सफल भएको बताउनुभयो । कार्यक्रममा समितिका निवर्तमान अध्यक्ष ऋषिराम भुसाल, भलिबल सङ्घका केन्द्रीय सचिव डिबी नेपाली, केन्द्रीय सदस्य राजकुमार श्रेष्ठ, पश्चिमाञ्चल भलिबल सङ्घका उपाध्यक्ष नवीन गुरुङलगायतले भलिबलको विकासका लागि सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

# विषालु च्याउ खाँदा चार बिरामी

पोखरापत्र संवाददाता
बागलुङ, ८ असार

बागलुङको ताराखोला गाउँपालिकामा विषालु च्याउ खाँदा चार जना बिरामी परेका छन्।

पहिचान नखुलेको विषालु च्याउ खाँदा ताराखोला गाउँपालिका-५ माटेबिसौनाका मनकुमारी घर्ती, गमबहादुर घर्ती, दमबहादुर घर्ती र पाहुना बसेका म्याग्दी रुम घर भएका रविन रोका बिरामी भएका छन्।

घाइतेको गलकोट 'इमर्जेन्सी पोलिक्लिनिक' हटियामा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिनुभयो । हिजो बेलुका जङ्गलबाट ल्याएको च्याउ खाँदा उनीहरू बिरामी परेपछि आज बिहान ३ बजे उपचारका लागि हटिया ल्याइएको छ। उनीहरूको स्वस्थ्य अवस्था मध्यम रहेको जनाइएको छ ।

# चैते धानखेती सफल

पोखरापत्र संवाददाता
म्याग्दी, ८ असार

म्याग्दीको मङ्गला गाउँपालिका-२ रणवाडमा चैते धानको खेती सफल भएको छ । रणवाडका अगुवा कृषक लक्षिनबहादुर मल्लले परिक्षणका लागि गरेको चैते धानखेती सफल भएको हो ।

"यस क्षेत्रमा यसअघि चैते धान खेती भएको थिएन," उहाँले भन्नुभयो "बागलुङको मुलपानीबाट बिउ ल्याएर गरेको चैते धान खेती सफल भयो ।"

माघको अन्तिम साता धुले ब्याड राखेर जमाएको धान चैत १२ गते रोपिएको थियो । करिब तीन रोपनी क्षेत्रफलमा लगाएको धानको बाला राम्रो लागेको र पाकेर भित्र्याउने तयारी गरेको मल्लले बताउनुभयो। बर्खामा लगाउने गौरी, जेठोबुढो जत्तिकै उत्पादन भएको उहाँको भनाइ छ । बर्खे धान जत्तिकै पुष्ट दाना र पराल सफा भएको मल्लले बताउनुभयो । रणवाड समुन्द्री सतहदेखि एक हजार ५० मिटर उचाइमा अवस्थित छ । सम्मा फाँट भएको यहाँ हालसम्म वर्षमा एकबाली मात्र धान खेती हुन्छ । मङ्गला गाउँपालिकाको कृषि शाखाका प्रमुख तारा बानियाँ (जगत)ले पालिका क्षेत्रमा रणवाडमा पहिलो पटक चैते धान उत्पादन भएको बताउनुभयो। "सम्भव नहुने ठानेर चैते धानको खेतीतर्फ कसैको ध्यान पुगेको थिएन", उहाँले भन्नुभयो "परिक्षण सफल भएकाले चैते धानखेती विस्तारको कार्यक्रम बनाउँछौं ।" तराइ, भित्री मधेश र केही पहाडी जिल्लामा चैते धान खेती हुने गरेको छ । म्याग्दीको बेनी नगरपालिका-१ को ढोडेनी, सारेमारे र सिम्मा मात्र चैते धानखेती हुने गरेको थियो । रणवाड भन्दा केही कम उचाइमा अवस्थित पिपलबोट, सेराफाँटका कृषकले केही वर्षअघि चैते धान खेतीको प्रयास गर्दा सफल भएको थिएन् । सिँचाई सुविधा भएकाले रणवाडमा चैते धान खेती गर्न सम्भव भएको हो ।

हावापानी, तापक्रम र मौसम अनुकुल भएकाले चैते धान खेती सफल भएको कृषक मल्लले बताउनुभयो । कृषि ज्ञान केन्द्र म्याग्दीका कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले चैते धानखेतीको सम्भाव्यता अध्ययन गरिने बनाउने बताउनुभयो ।


**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. ३० शिशुवास्थित विकल्प मार्ग बाटो ढलान तथा नाला निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : विकल्प मार्ग बाटो ढलान तथा नाला निर्माण
उपभोक्ता समिति: विकल्प मार्ग बाटो ढलान तथा नाला समिति, पोखरा-३०
योजना सम्झौता मिति : २०७८/१२/२७ गते
योजना सुरु मिति : २०७८/१२/२८ गते
योजना सम्पन्न मिति : २०७९/०२/३० गते
योजनाको कुल लागत : रु. १४,२८,५६२/-
महानगरपालिकाबाट प्राप्त : रु. १०,००,०००/-
उपभोक्ताबाट : रु. ४,२८,५६२/-

**उपभोक्ता समिति**
अध्यक्ष विजय गुरुङ
सचिव सुरेन्द्र राज अधिकारी
कोषाध्यक्ष अमृत क्षेत्री

विकल्प मार्ग बाटो तथा नाला निर्माण समिति,
पोखरा-३०, कास्की


# धवलागिरि अस्पतालः बिरामी बढे, चिकित्सक घटे

पोखरापत्र संवाददाता
गलकोट, ८ असार

बागलुङको धवलागिरि अस्पतालमा गर्मी लागेसँगै बिरामीको चाप ह्वात्तै बढेको छ। अहिले टोकन लिने, नाम लेखाउने, बिल काट्ने र चिकित्सकलाई भेट्न पालो कुर्नुपर्ने अवस्था छ ।

चाप बढेसँगै फार्मेसी र प्रयोगशालामा बिरामीलामो लाइन बस्नुपर्ने अवस्था छ । पछिल्लो सयम धवलागिरि अस्पतालमा सुधार भएको । अस्पतालमा टोकन प्रणाली राखिएको छ भने सरसफाइमा ध्यान दिइएको छ । चिकित्सकको समस्या भने उस्तै छ । दरबन्दीका चिकित्सक नआउँदा करार र छात्रवृत्तिका चिकित्सकको भरमा अस्पताल चलेको छ । चिकित्सक अभावमा बिरामीले गुणस्तरीय सेवा पाउन सकेका छैनन् । अस्पतालमा दैनिक ३०० देखि ४०० बिरामी सेवा लिन आउने गरेका मेडिकल सुपरिटेन्डेट डा शैलेन्द्र विक पोखरेलले जानकारी दिनुभयो । मौसममा आएको परिवर्तनका कारण बिरामीको सङ्ख्या बढेको उहाँको भनाइ छ ।

छाला सम्बन्धी, ज्वरो, झाडापखलालागायतका बिरामी बढेका छन् । "गर्मी बढेपछि बिरामीको सङ्ख्यामा वृद्धि भएको छ", डा पोखरेलले भन्नुभयो, "अस्पतालबाट एकैपटक पाँच मेडिकल अधिकृतले छाडेर जानुभयो, सेवा दिन समस्या भइरहेको छ ।"एक मेडिकल सुपरिटेण्डेन्टसहित १६ विशेषज्ञ र ६ मेडिकल अधिकृतको दरबन्दी रहेको अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट बाहेक अन्य दरबन्दी रिक्त छ । करार र छात्रवृत्तिका चिकित्सकले सेवा दिइरहेका छन् । पाँच करारका मेडिकल अधिकृत, १० करार र छात्रवृत्तिका विशेषज्ञ चिकित्सक कार्यरत छन् । उनीहरूको सेवाअवधि सकिन लागेको अस्पतालले जनाएको छ । छात्रवृत्तिमा अध्ययन गरेका विशेषज्ञ चिकित्सकले दुई वर्ष दुर्गममा सेवा गर्नुपर्ने नियमानुसार आउने गर्छन् । चिकित्सकको माग गर्दै प्रदेश र सङ्घीय मन्त्रालय धाइरहेको पोखरेलले बताउनुभयो ।

# रैथाने बाली जोगाउन 'बिज बैंक'

पोखरापत्र संवाददाता
गलकोट, ८ असार

बागलुङको बरेङ गाउँपालिकाले रैथाने बालीको बीउबिजन संरक्षण अभियान थाल्ने भएको छ।

रैथाने बाली लोप हुँदै गइरहेकाले गाउँपालिकाले 'हाम्रो बीउ, हराउन नदिउ' अभियान थाल्ने भएको हो । बीउको संरक्षणका लागि गाउँपालिकाले प्रोत्साहन र सचेतनाका कार्यक्रम सञ्चालन गर्ने भएको छ । अभियान हरेक वडामा सञ्चालन गरेर बीउ जोगाउनबिज बैंक स्थापना गरिने गाउँपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो । व्यावसायिक उत्पादनका लागि आधुनिक प्रविधि र आधुनिक बीउबिजनका साथै रैथाने बालीको संरक्षण गर्ने दायित्व गाउँपालिकाको भएकाले बिज बैंक स्थापना गरेर संरक्षणको अभियान थालिने उहाँले बताउनुभयो । "हामीले अहिले कसरी जीवनयापन गरिरहेका छौं, विगतमा के खान्थ्यौं, हाम्रो खेतबारीमा के फल्थ्यो भन्ने भावी पुस्तालाई जानकारी दिन आवश्यक छ", शर्माले भन्नुभयो, "बीउ जोगाएर भावी पुस्तालाई हस्तान्तरण गर्नु हाम्रो दायित्व हो ।" 'बरेङमा समृद्धि, कृषि लगानी वृद्धि'को मूल मर्मलाई आत्मसात गर्दै आर्थिक विकास र समृद्धिको प्रमुख आधारस्तम्भका रूपमा कृषि क्षेत्रलाई विकास गर्ने लक्ष्य रहेको नीति तथा कार्यक्रममा उल्लेख छ । कृषिलाई सम्मानित पेशाका रूपमा स्थापित गर्न र पुरानो जोगाउँदै नयाँ बीउमार्फत व्यावसायिक बन्न योजना अघि बढाइएको हो । बिज बैंकमा रैथाने जातका खाद्यान्न बाली तथा तरकारी र फलफूलको समेत संरक्षण गरिने गाउँपालिकाले जनाएको छ । पाँचवटै वडामा सञ्चालनमा रहेका विभिन्न कृषि पकेट क्षेत्रलाई थप व्यवस्थित गर्ने योजना गाउँपालिकाको छ । बाँझो जमिनको उपयोग गरेर पनि रैथाने बालीको संरक्षण गर्न सकिने अध्यक्ष शर्माले बताउनुभयो ।

# रघुगङ्गाका केही बस्ती पहिराको जोखिममा

पोखरापत्र संवाददाता
म्याग्दी, ८ असार

म्याग्दीको रघुगङ्गा गाउँपालिकाका एक दर्जनभन्दा बढी बस्ती बाढी र पहिराको उच्च जोखिममा रहेका छन् ।

रघुगङ्गाका रघुघाट, गलेश्वर, तिलकेनी, कुइने, चौरखानी, धुपीचौर, अर्कला, बेग, दुलेपानी, सतिपोखरी, खौरेट, रोटेपानी, रिसिनचौतारी, बुडिचौर लगायतका बस्ती बाढी र पहिराको उच्च जोखिममा रहेका स्थानीयवासी दीपक कार्कीले बताउनुभयो । गाउँपालिकाले सधैँ आश्वासन मात्रै बाँड्ने तर काम नगर्ने प्रवृत्तिले गर्दा दर्जन बढी बस्ती बाढी र पहिराको उच्च जोखिममा रहेका उहाँले बताउनुभयो । कार्कीले भन्नुभयो, "बर्खा सुरु भएपछि बाढी र पहिराका कारण सधैँ त्रसित र भयभित रहने यहाँका बासिन्दा रातमा राम्रोसँग निदाउन पनि नपाउने समस्या छ, गाउँपालिका सधैँ आश्वासन बाँड्छ काम गर्दैन, जनताहरू समस्या सम्भेर निदाउन छोडिसके ।"

यसैगरी ५२ घर रहेको रघुगङ्गा गा-८ चौरखानीमा हाल ३० परिवारको बसोबास छ । पहिराको त्रासकै कारण आधा जतिले घर छाडेर बेनी, पोखरा, काठमाडौं लगायतका ठाउँमा गएर बसेका छन् । गत वर्ष गाउँको बीचमा ठाडो चिरा परेर गएको पहिराले चौरखानीमा सामुदायिक भवन र एउटा घर भत्केका पूर्ववडाध्यक्ष गमान छन्त्यालले बताउनुभयो। दुई किलोमिटर तल रघुगङ्गा नदीको किनारबाट सुरु भएको पहिरो चौरखानीको शिरमा रहेको पहाडको फेदीमा पुगेको छ । पहिराले गाउँलाई चिरेर दुई भागमा विभाजन गरेको स्थानीय रैमान छन्त्यालले जानकारी दिनुभयो । यस्तै रघुगङ्गा-३ स्थित गलेश्वरको राहुघाट बस्ती पहिराले पुरिने जोखिममा छ । गलेश्वर-पिप्ले-भगवती-बेगखोला सडक निर्माणमा गरिएको लापरबाहीले निम्तिएको पहिराले पुरिने जोखिम बढेको हो । बस्तीमाथिको पाखोमा जथाभावी सडक खनेपछि पहिरो निम्तिएर गलेश्वपारिका ३० घरपरिवार जोखिममा रहेको स्थानीय मिम थकालीले बताउनुभयो । बर्सात हुने बित्तिकै यहाँका बासिन्दा राति सुत्न पाएका छैनन् । विकासका नाममा निम्तिएको विनाशका कारण आफ्नो थातथलो छोड्नुपर्ने अवस्था आएपछि यहाँका स्थानीयवासी चिन्तित बनेका छन् । कमजोर भूभागमा सडक बनाउन डोजरले जथाभावी भत्काउनु र त्यसपछि संरक्षणका पर्खाल तथा नाली समयममा नबन्दा पूरै पाखो खस्न थालेको छ। यहाँका कतिपय बासिन्दा घर छाडेर गलेश्वर बजारमा भाडामा कोठा लिएर बसेका स्थानीयवासी तिलबहादुर पुनले बताउनुभयो । दुई वर्षअघिदेखि बस्तीमाथिको जमिन चर्किएर पहिरो खस्न थालेको थियो । हिउँदमा कुनै निकायले पनि संरक्षणको पहल नगर्दाको परिणाम यस पटकको बर्खामा देखिन थालेको भन्दै स्थानीयवासी आक्रोशित बनेका छन् । बर्सातसँगै आउने बाढीले बाटो बन्द हुँदा खाद्यान्न लगायतका सामग्री भरिया लगाएर लम्पुर्दा गाउँमा खाद्यान्न सामान महँगो हुँदै गएको छ।


**उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०३/०५

यस कार्यालयमा मिति २०७६/०४/०७ मा कास्की पोखरा महानगरपालिका वडा नं. २३ चापाकोटको कि.नं. १३७ मा संचालन गर्ने गरि पोखरा २३ कास्की निवासी प्रेम बहादुर सुनारको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १५६०१/०७६/०७७ को चापाकोट पञ्चासे यातायात सेवा नामक फर्मको प्रोपाइटर श्री प्रेम बहादुर सुनारले मिति २०७९/०३/०५ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौता लगायत कुनै पनि प्रकारको सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# पर्वतमा करोडौँ लागतका सडक अधुरै

**पोखरापत्र संवाददाता**
**पर्वत, ८ असार**

पर्वतमा करोडौँ रुपैयाँका ग्रामीण सडक अधुरै छन् । ठेक्का स्वीकृत भएर पनि सडक निर्माण सम्पन्न हुन सकेको छैन । सङ्घ र प्रदेश सरकारले सडक निर्माणका लागि बजेट विनियोजन गरेको हो ।

समयमै सडक निर्माण नहुँदा सर्वसाधारण सास्ती भोग्न बाध्य छन् । गत मङ्सिरमै सक्ने गरी १० किलोमिटर लामो जलजला गाउँपालिकास्थित मिलनचोक-धाइरिङ सडकको ठेक्का लाग्यो । यसको लागत रु २६ करोड छ । हिन्दू एण्ड थोकर जेभीले ठेक्का लिएको सडक समयमै बन्न नसकेपछि पूर्वाधार विकास कार्यालयले एक वर्ष म्याद थपेको छ । आगामी मङ्सिरमा सडक सम्पन्न हुनुपर्नेछ । तर सडक कालोपत्र त परको कुरा, कामको सुरुआतसम्म भएको छैन । यस्तै कुश्मा र फलेबास नगरपालिका जोड्ने १० किलोमिटर लामो दोबिल्ला-फलेबास सडक पनि अझै निर्माण सम्पन्न हुन सकेको छैन । उक्त सडक आउँदो असोजमा सम्पन्न गर्नुपर्ने छ ।

उक्त सडकको लागत रु २३ करोडछ । फेवा प्यासिफिक जेभीले पाएको उक्त सडकको केही भाग कालोपत्र भएपनि ठेकेदार सम्पर्कविहीन छन् ।

जिल्लाका सबैजसो सडक आयोजना अधुरै छन् । उपभोक्ता समितिमार्फत हुने स-साना आयोजना पनि चालु आर्थिक वर्षभित्र सम्पन्न हुने अवस्था छैन । ओमबुद्ध निर्माण कम्पनीले ठेक्का पाएको लुङ्खु-मिलनचोक-बालाकोट (पाँच किमी) सडक पनि अधुरै छ । ग्याविन जाली भर्ने र नाली बनाउने काम मात्र सकिएको छ । रु ११ करोडको सो काम आगामी मङ्सिरमा सकिनुपर्नेछ । हालसम्म ५० प्रतिशत पनि काम भएको छैन । यसैगरी पैंयु गाउँपालिकाको चिसापानी-हुवास-पोखराचौर-खहरेखोला सडक (आठ किमी) को काम ३० प्रतिशतमात्रै भएको छ । ओमबुद्ध कमलजित जेभीले ठेक्का पाएको रु १६ करोड लागतको उक्त सडकको काम समयमै सकिने छाँटकाँट छैन ।

ठेक्का सम्झौता भएर पनि समयमै काम नगर्ने ठेकेदार कम्पनीलाई नियामक निकायले कारबाही गर्नुको सट्टा म्याद थपेर प्रोत्साहन गर्ने गरेको आरोप छ । उपभोक्ता समिति, दबाब समूह, लाभग्राहीलगायतले कारबाहीको दायरामा ल्याउन नसक्दा ठेक्का ओगट्ने तर काम नगर्ने प्रवृत्ति बढेको छ । उनीहरूले पेट्रोलियम पदार्थ र निर्माण सामग्रीको मूल्यवृद्धिलाई दोष दिने गरेका छन् । व्यवसायी अच्युतकृष्ण श्रेष्ठका अनुसार गत वर्षको तुलनामा फलामे डन्डीको मूल्य ३० प्रतिशतभन्दा बढी बढेको छ । उहाँले भन्नुभयो, "रडको मूल्य डेढ गुणा बढेको छ, प्राविधिकले अघिल्लो वर्षकै मूल्य राखेर स्टिमेट गर्छन्, अनि काम गर्न समस्या हुन्छ ।"

पूर्वाधार विकास कार्यालयका प्रमुख कृष्ण आचार्यले लागत बढेर काम गर्न नसकेको भन्नु बहानामात्रै भएको बताउनुभयो । व्यवसायीले समयमा काम नसकेकै कारण कार्यालयको चालु वर्षको पूँजीगत खर्च ५० प्रतिशत पनि नपुगेको उहाँको भनाइ छ । कार्यालयका अनुसार चालु आवमा सडक, पुललगायतका लागि रु ६५ करोड हाराहारी बजेट रहेकामा असार पहिलो सातासम्म रु ३० करोडमात्रै खर्च भएको छ । "यही गतिमा काम भए यो महिनाभरि रु १० करोडमात्रै निकासा हुने देखिन्छ", कार्यालयकी लेखापाल लीला गौतमले भन्नुभयो ।

# तिजोरी सहकारीको वार्षिकोत्सवमा रक्तदान

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ असार**



तिजोरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले पोखरा महानगरपालिका १७ विरौटामा आयोजना गरेको रक्तदान कार्यक्रममा ५२ युनिट संकलन भएको छ ।

संस्थाको २३ औ वार्षिकोत्सवको अवसरमा आयोजित खुल्ला रक्तदान कार्यक्रममा ५२ युनिट संकलन भएको हो । कार्यक्रमको प्रमुख अतिथि समेत रहेका गण्डकी प्रदेशका भूमि व्यवस्था कृषि सहकारी तथा गरिवी निवारण मन्त्री चन्द्रबहादुर बुढामगर (सागर) ले संस्थाका सल्लाहकार सुवास ढुंगानालाई ब्लडव्याग हस्तान्तरण गरेर रक्तदानको शुभारम्भ गरे । सो अवसरमा बोल्दै कृषि मन्त्री बुढामगरले गण्डकी प्रदेशले अस्पतालहरुमा रगत जन्य पदार्थहरु निशुल्क बनाउन नीति तथा कार्यक्रम निर्माण गरिसकेको बताए । 'गण्डकी प्रदेशका महिलाहरुमा देखापर्ने जटिल खालका रोगको उपचारमा सहयोग गर्न प्रदेश सरकारले विशेष योजना निर्माण गरेको छ, मन्त्री बुढाले भने, 'त्यसको अन्तिम चरणमा छौ । यथाशिघ्र कार्यान्यिवनको पाटोमा लाग्छौं ।' मन्त्री बुढामगरले देशमा सहकारीहरुले आफ्नो कार्यक्षेत्र विस्तारसँगै विभिन्न क्षेत्रमा लगानी गरेर आर्थिक समृद्धिमा सहयोग पुऱ्याउनुपर्ने धारणा राखेका थिए ।

यसैगरि कार्यक्रममा चेम्बर आफ कमर्श गण्डकी प्रदेशका अध्यक्ष किसान सुनारले उक्त रक्तदानबाट रगतको अभावलाई पूर्ति गर्न केही टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले बेडमा छटपटाइरहेको बिरामीहरुको रगत अभावलाई रक्तदानबाट संकलित रगतले थप राहात पुग्ने बताए । 'रगत कुनै पनि प्रविधिले बनाउन नमिल्ने भएकाले हामीमा खेर जाने रगतलाई रक्तदान गर्दा जो कसैलाई पनि थप सहयोग पुग्छ, उनले भने, 'रक्तदान जिवनदान, जिवनदान महादान हो त्यसैले तपाईहरु उदाहरणीय पात्र हुनुहुन्छ ।' संस्थाका सेयर सदस्यहरु, पढाधिकारीहरु, व्यवसायीहरु र सर्वसाधारणहरुको सहभागिता रहेको रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीको प्राविधिक सहयोग रहेको थियो ।

सो अवसरमा आयोजित उक्त कार्यक्रममा बजार प्रतिनिधि कल्पना रानाभाट , व्यवस्थापक सन्तोष विश्वकर्मा, उत्कृष्ट बचतकर्ता ओमकार प्रसाद शर्मा , उत्कृष्ट कर्जा जनार्दन शर्मा र जननिर्वाचित संस्थाका सल्लाहकार राधिका शाही योगीलाई सम्मान समेत गरिएको थियो । कार्यक्रममा संस्थाका सल्लाहकार सुभाष ढुङ्गाना, नेपाल बचत तथा ऋण संघका प्रतिनिधि यामकला सुवेदी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

तिजोरी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष माया विश्वकर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष मान बहादुर विश्वकर्माको स्वागत मन्तव्य व्यक्त गरेका थिए भने जमुना वर्षा शर्माले कार्यक्रम सञ्चालन गरेकी थिइन् ।

# विपद् व्यवस्थापनको पूर्व तयारीमा जुट्दै स्थानीय तह

**पोखरापत्र संवाददाता**
**वालिङ, ८ असार**

यसवर्षको मनसुन सुरु भएकाले सम्भावित जोखिम हुनसक्ने भएकाले स्याङ्जाका स्थानीय तहहरू विपद् व्यवस्थापनमा जुट्ने भएका छन् ।

जिल्ला विपद् व्यवस्थापन समिति स्याङ्जाका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलको अध्यक्षतामा मङ्गलबार स्याङ्जा सदरमुकाम पुतलीबजारमा बसेको बैठकले वर्षायाम सुरु भइसकेको र स्याङ्जा जिल्लासमेत विपद्को सम्भाव्य जोखिम क्षेत्रमा रहेको हुँदा विपद्को व्यवस्थापनमा जुट्न स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरिएको हो ।

जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा उपस्थित भएका जिल्लाका एघारवटै पालिकाका प्रमुख एवं प्रतिनिधिले आ-आफ्नो विपद् व्यवस्थापन कोषमा पर्याप्त रकम विनियोजन गरी विपद् व्यवस्थापनसम्बन्धी आवश्यक सामग्री खरिद गर्ने, मौज्दात राख्ने र परिचालन गर्ने निर्णय गरिएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष पौडेलले जानकारी दिनुभयो ।

सभाव्य विपद्लाई व्यवस्थापन गर्न आवश्यक पर्ने विपद्जन्य सामग्री खरिद गरी आ-आफ्नो पालिकामा मौज्दात राख्न र आवश्यकता अनुसारका सामग्री तीनवटै सुरक्षा निकायलाई उपलब्ध गराउने निर्णय गरिएको छ । वर्षाका कारण राष्ट्रिय राजमार्ग तथा स्थानीय पालिकालाई जोड्ने मार्गमासमेत क्षति हुनसक्ने भएकाले डोजर/जेसिवी लगायतका मेसिनरी र तिनका चालकलाई तयारी अवस्थामा राख्न अनुरोध गरिएको अध्यक्ष पौडेलले जानकारी दिनुभयो । जिल्ला विपद् व्यवस्थापन समितिले स्याङ्जाका विभिन्न स्थानीय तहमा बेला-बेलमा घटिरहने विपद्जन्य घटनाको न्यूनीकरण गरी जनधनको क्षतिलाई कम गर्नतर्फ लाग्नुपर्नेमा जोड दिएको थियो । जोखिम देखिएका क्षेत्रको व्यवस्थापन गर्नका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा अन्य सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरिएको अध्यक्ष पौडेलले बताउनुभयो । जिल्ला विपद् व्यवस्थापन समितिमार्फत भएका निर्णयलाई आ-आफ्नो पालिकामा कार्यान्वयन गर्दै सम्भावित विपद्जन्य जोखिम न्यूनीकरणमा सतर्कता अपनाउने प्रतिबद्धता पालिका प्रमुख तथा प्रतिनिधिहरूले जनाएका छन् । पालिकाले विशेष गरी गतवर्ष जोखिम देखिएका वस्ती तथा क्षेत्रहरू र यसवर्ष जोखिम हुनसक्ने सम्भावित क्षेत्र पहिचान गरी थप सजगता अपनाउने भएका हुन् ।

# अछ्तेदेखि बिहुँ नरेठाटी सम्म सुरुङमार्ग अध्ययन हुँदै

**पोखरापत्र संवाददाता**
**गलकोट, ८ असार**

मध्यपहाडी पुष्पलाल लोकमार्ग अन्तर्गतको बागलुङ खण्डमा सुरुङमार्ग बनाउन अध्ययन थालिने भएको छ ।

लोकमार्ग बागलुङको काठेखोला स्थित अछतेदेखि बिहुँ गलकोटको नरेठाटी सम्मको सुरुङ मार्ग अध्ययन गरिने भएको छ । यसका लागि संघीय सरकारले रु. ५० लाख बजेट समेत विनियोजन गरेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सुरुङमार्ग अध्ययनका लागि रु. ५० लाख रकम विनियोजन गरिएको शिक्षा विज्ञान तथा प्रविधि मन्त्री देबेन्द्र पौडेलले जानकारी दिनुभयो । सरकारले आर्थिक वर्ष २०७९/८० का लागि २४ नयाँ सुरुङ सम्भाव्यताका लागि नयाँ आयोजना छनोट गरेको छ । ती मध्ये मध्यपहाडी लोकमार्गको अछेते-गलकोट खण्डको सुरुङमार्ग समावेश भएको हो । गत फागुनमा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री पौडेलले योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलसँग छलफल गरी बागलुङको अछेत-बिहुँ देखि गलकोटको नरेठाटीसम्मका लागि सम्भाव्यता अध्ययनका लागि योजनामा समावेश गरिदिन आग्रह गर्नुभएको थियो । आगमी आर्थिक वर्षमा संभाव्यताको काम अगाडी बढ्ने उहाँले जानकारी दिनुभयो । अछेते, बिहुँ घोडाँबाधे, नरेठाँटी हुँदै गलकोट पुगेको सडकमार्गमा शुरङमार्ग बनाउदा यात्रा बरिब डेढ घण्टा यात्रा छोट्टिनेछ ।

# आदिकविमा वार्षिक २१ लाख छत्रावृत्ति वितरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, ८ असार**

व्यास नगरपालिका-१ विज्ञानचौरस्थित आदिकवि भानुभक्त क्याम्पसले वार्षिक रु २१ लाख छत्रावृत्तिमा खर्च गर्ने गरेको छ । गरिब तथा जेहेन्दाहर करिब चार सय विद्यार्थीलाई सो रकम बराबरको छत्रावृत्ति वितरण गरेको क्याम्पस प्रशासनले जनाएको छ ।

उक्त क्याम्पसमा तीन हजार विद्यार्थी अध्ययनरत छन् । उक्त क्याम्पसमा ९० प्रतिशत छत्राको बाहुल्यता रहेको छ भने ७२ प्रतिशत जनजाति, १८ प्रतिशत दलित र दश प्रतिशत अन्य छन् ।

त्यसैगरी उक्त क्याम्पसमा रु ३५ लाखको अक्षयकोष स्थापना गरेको छ । क्याम्पस सञ्चालक समितिको अध्यक्ष ब्रह्मादत्त तिमिल्सेनाको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो । यस आर्थिक वर्ष क्याम्पसको कोषमा आम्दानी भएको रकममध्ये उक्त रकमको अक्षयकोष स्थापना गरेको हो । उक्त रकमबाट आएको ब्याजले क्याम्पसबाट निवृत्त भैजाने प्राध्यापक र कर्मचारीलाई उपदान प्रदान गरिने सो क्याम्पस प्रशासनले जनाएको छ । केही वर्षअघि घाटामा रहेको उक्त क्याम्पसले ऋणमुक्त भई नियमित रूपमा मासिक तलब भुक्तानी गर्दै आएको छ । हाल क्याम्पसले रु दुई करोड ५० लाख 'बैंक ब्यालेन्स' रहेको क्याम्पसले जनाएको छ । उक्त कोषमा बर्सेनि रकम थप्दै वृद्धि गर्दै लैजाने योजना रहेको क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले जानकारी दिनुभयो । जिल्लाका सामुदायिक क्याम्पसहरूमध्ये अक्षयकोष स्थापना गर्ने उक्त क्याम्पस नै पहिलो भएको बताइएको छ ।

पूर्णकालीन २९ र आंशिक ३७ गरी ६६ जना प्राध्यापक र १५ जना कर्मचारी कार्यरत छन् । आयव्ययमा पारदर्शिता बनाउन आगामी साउन १ गतेदेखि क्याम्पस परिसरमा बैंकको शाखा राख्ने तयारी भइरहेको क्याम्पस प्रमुख हड्खलेले जानकारी दिनुभयो । बैंकको शाखा स्थापनाका लागि व्यासको रु ३० लाख आर्थिक सहयोगमा भवन निर्माण गरिसकिएको छ । विद्यार्थीबाट लिइने शुल्क पनि आउँदा दिनमा बैकिङ प्रणालीबाट लिने योजना बनाइएको क्याम्पस प्रशासनले जनाएको छ ।

# बालबालिकालाई खोप

**रासस**
**काठमाडौं, ८ असार**

पाँच वर्षदेखि १२ वर्षमुनिका बालबालिकाका लागि कोरोना भाइरसविरुद्धको खोप 'फाइजर बायोएनटेक' लगाइने भएको छ । जिल्ला स्वास्थ्य कार्यालयले आज पत्रकार सम्मेलन गरी काठमाडौँमा खोप लगाउनका लागि तयारी पूरा भएको जनाएको हो । कार्यालयका प्रमुख वसन्त अधिकारीले भोलिदेखि यही असार १५ गतेसम्म काठमाडौँ जिल्लाका एक लाख ९० हजार बालबालिकालाई कोरोना भाइरसविरुद्धको खोप लगाउने जानकारी दिनुभयो । देशभरि ३९ लाख बालबालिकालाई कोरोना भाइरसविरुद्धको खोप लगाइनेछ ।

उहाँका अनुसार बालबालिकालाई खोप लगाउनका लागि एक हजार ३०० खोप केन्द्र तोकिएका छन् । खोप यही असार ५ गते अमेरिकाको सहयोगमा कोभ्याक्समार्फत करिब २२ लाख मात्रा आएको थियो । कार्यालयले काठमाडौँका बालबालिकालाई विद्यालयमा नै खोप केन्द्र स्थापना गरी खोप लगाउँदै छ । उहाँले विद्यालयबाहेक बालमन्दिर र कारागारमा समेत खोप लगाइने छ । स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले खापको प्रभावकारिता नेपालमा ९१ प्रतिशत रहेकाले सबैले खोप लगाउन आग्रह गर्नुभयो । खोप लगाउनका लागि खोप केन्द्रमा एक जना तालिम प्राप्त स्वास्थ्यकर्मी राखिने छ । कार्यालय प्रमुख अधिकारीले खोप लगाएमा बालबालिका केही असर देखिने भएकाले खोप केन्द्रमा नै उपचारको व्यवस्था गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार बालबालिकालाई खोप लगाएपछि समस्या देखिए तत्काल उपचारका लागि 'एड्रिलाइन' इन्जेक्सनसमेत खोप केन्द्रमा राखिने छ । खोप लगाएपछि टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, सुई लगाएको ठाउँ रातो हुने, शरीर चिलाउने, बिमिरा तथा डाबर आउनेजस्ता समस्या हुने गर्दछन् ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली

**जन्मः**
**वि. स. १९७२/०१/१२ गते**



**स्वः अनुरूपा बञ्जरा**

**स्वर्गारोहणः**
**वि.स. २०७९/०२/२८ गते**

हाम्रा ममतामयी आमा/हजुरआमा **अनुरूपा बञ्जरा** को १०७ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा/बुहारीः**
रूपलाल/ यदुमाया बञ्जारा

**नाती/ नातिनी बुहारीहरुः**
सूर्य प्रसाद/ तारा बञ्जारा
चन्द्र प्रकाश/ सिता बञ्जारा
दिपक/ लक्ष्मी बञ्जारा
किशोर/ सुजता बञ्जारा

**नातिनी/ नातिनी ज्वाइँः**
राधिका/ नरेन्द्र रानाभाट

**पनाति,पनातिनीहरुः**
निभिषा, सोफिया, आयुष, दिशान्त, स्मृति, सफल, कृष्टिना, आरम्भ, दिप्ती, आराध्या, कृतेश

**एवम् समस्त बञ्जारा परिवार**
**पोखरा २६, लेखनाथ**

**पूनश्चः मिति २०७९ असार ०९ गते बिहीबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समयः बिहान १०ः०० बजेदेखि स्थानः पोखरा-२६ लेखनाथ**